# साप्ताहिक गतिविधि

वर्ष २ अङ्क १७ २०७७ बैशाख २९ सोमबार

सम्पादकीयः

## समृद्धिमा यूवाको भूमिका

भनिन्छ, यूवाहरु परिवर्तन र समृद्धिका संवाहक हुन्। मानवीय जीवनको सबैभन्दा उर्जाशील समय युवावस्था भएकाले यो अवस्थामा जोश, जाँगर, सामर्थ्य, योग्यता, अवसर, इच्छाशक्ति सबै एकत्रित हुने भएकाले पनि असम्भव भन्ने केही लाग्दैन। यूवावस्थामा मानिस शारीरिक, मानसिक, संवेगात्मक हरेक किसिमले तुलनात्मक रुपमा बढी सक्षम हुन्छ। यो अवसरलाई सदुपयोग गर्न सकेको खण्डमा जीवन र भविष्य उज्वल हुन सक्छ भने दुरुपयोग गरेको खण्डमा जीवन दुःखदायी हुनसक्छ।

यतिबेला विकास र परिवर्तनको संवाहक यूवालाई सरकार बेवास्ता गरेको, यूवाको कुरा सरकारले नसुनेको भन्ने यूवाको गुनासो छ भने सरकारको नीति तथा कार्यक्रमप्रति यूवा बेखबर भयो, कार्यान्वयनमा यूवाको सहयोग चित्तबुझ्दो छैन तर सरकारले यूवालाई सँगसँगै लिएको छ र लिन चाहन्छ भन्ने सरकारको स्पष्टोक्ति पाइन्छ। यो कुरालाई दुवैले स्वीकार गरी आ-आफ्नो क्षेत्रबाट रचनात्मक योगदान र अवसर प्रदान गर्नुपर्ने बेला आएको छ। ५६ प्रतिशत हाराहारीमा रहेको यूवा जनसंख्या आफैंमा राज्य निर्माणका लागि अवसर हुँदाहुँदै पनि यूवाहरु अवसर नपाउँदा बैदेशिक रोजगारमा जान बाध्य छन्। देशका विकास निर्माण लगायतका काममा भने चाहेजस्तो दक्ष जनशक्तिको अभावमा गति लिन नसकेको अवस्था छ। यो अवस्थामा सरकारले यूवाको कुरा सुन्दै यूवाले सरकारलाई साथ दिँदै अधिकाधिक रोजगारीको अवसर सिर्जना गर्ने, आफ्नै गाउँघरमा योगदान गर्ने, श्रम प्रतिको आस्थालाई सम्मान गर्ने र सबै स्वालम्बी र आत्मनिर्भर हुने खालका योजना तथा कार्यक्रम ल्याउन आवश्यक देखिन्छ। यसका लागि सरकारले विभिन्न संरचना तथा कार्यक्रमबाट यूवालाई समेट्ने र परिचालन गर्ने नीति तथा कार्यक्रम ल्याउने र यूवाले खोलाको डिलमा बसेर ढुङ्गा हान्नुको सट्टा केही गरेर योगदान गर्ने सोंचको विकास गर्नु आजको आवश्यकता हो ।



प्रकाशकः

भूमे गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

खाबाङबगर, रुकुम (पूर्व)

५ नं. प्रदेश नेपाल

## जनप्रतिनिधि र कर्मचारीबीच श्रम सहकार्य




भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयका जनप्रतिनिधि र कर्मचारीहरुको अतिरिक्त श्रमबाट कार्यालयको दक्षिणी प्राङ्गणमा स्लेट छापिएको छ। विश्वव्यापी रुपमा फैलिरहेको कोरोना भाइरस रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारबाट जारी लकडाउनका कारण घर फर्कन नपाएका र सेवाग्राहीको चाप कम हुँदा फुर्सदिलो भई नकारात्मक सोँच र क्रियाकलापबाट मुक्त हुन तथा जनप्रतिनिध र कर्मचारीहरु पनि श्रमजीवि नै हुन्, सबैले श्रम गरे मात्र विकास हुन्छ भन्ने सन्देश दिन स्वतःस्फूर्त रुपमा कार्यालयको दक्षिणी फिल्डमा ढुङ्गाको स्लेट छाप्ने र मसिना ढुङ्गा (Pebbl) बाट भूमे चित्रण गर्ने कार्य सम्पन्न भएको छ ।




यस कार्यका लागि गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुख तथा कर्मचारीहरुले पूरै २ दिन (बिदाको समय) र साँझ विहान सामूहिक श्रम गरेका थिए । सामूहिक श्रम सहकार्यबाट एकातिर निर्माण कार्य भएको छ भने अर्कोतर्फ जनप्रतिनिधि र कर्मचारीबीचमा सुमधुर सम्बन्ध स्थापित हुने अवसर प्राप्त भएको जनप्रतिनिधि तथा कर्मचारीहरुले बताएका छन् ।

## बद्ध जयन्तीको अवसरमा दीप प्रज्वलन

*२५ बैशाख २०७७, खाबाङबगर ।*



विश्व शान्तिका प्रतिक सिद्धार्थ गौतमको जन्म, बुद्धत्व प्राप्ति र महापरनिर्वाण भएको पावन दिनको अवसरमा विश्व शान्तिको कामना गर्दै बुद्धको जयन्तीको अवसरमा बैशाख २५ गते साँझ सात बजे भूमे गाउँपालिकामा दीप प्रज्वलन गरिएको छ। सिद्धार्थ गौतम बुद्धको स्मरण गर्न, कोरोना महामारी विरुद्धको लडाईमा अग्रभागमा खटिरहेका चिकित्सक, नर्स, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, एम्बुलेन्स चालक लगायतका राष्ट्रसेवक र स्वयंसेवकप्रति उच्च सम्मानसहित हौसला प्रदान गर्न, विश्वमा कोरोना संक्रमणबाट मृत्यु भएकाहरुको चिरशान्तिको कामना गर्न, कोरोना संक्रमण भएका विरामीहरुको शीघ्र स्वास्थ्यलाभ गर्न र सम्भावित संक्रमणबाट सुरक्षित रहने प्रतिवद्धता व्यक्त गर्न नेपाल सरकार (मन्त्रिपरिषद्)को मिति २०७७।०१।२४ को निर्णयानुसार गृह मन्त्रालयद्वारा जारी सूचना बमोजिम पालिकाले अन्तर्गतका सबै कार्यालय, संघसंस्था र गाउँपालिकाबासीहरुमा अनुरोध गर्दै




कार्यालयमा पनि दीप प्रज्वलन गरी बुद्ध जयन्ती मनाइएको हो।

## भूमे यूवा विकास केन्द्रको पदाधिकारीहरुद्वारा शपथ ग्रहण




*२६ बैशाख २०७७, खाबाङबगर ।*

यूवा र सरकार सँग सँगै भन्ने उद्देश्यले भूमे गाउँपालिकामा गठन गरिएको यूवा विकास केन्द्रका पदाधिकारीहरुले पद तथा गोपिनियता शपथ ग्रहण गरेका छन् ।

आज भूमे गाउँपालिकाको सभाहलमा आयोजित यूवा विकास केन्द्रका पदाधिकारीहरुलाई अभिमुखीकरण तथा शपथ ग्रहण कार्यक्रममा यूवा विकास केन्द्रका संयोजक सुनिल रोका मगर, सचिव अजय मगर, कोषाध्यक्ष बेदना बुढा मगर र वडा नं. १, वडा नं. २, वडा नं. ४, वडा नं, ५, वडा नं. ६, वडा नं. ८ र वडा नं ९ बाट सिफारिश भई आएका दुई दुई जना पदाधिकारीहरुलाई भूमे गाउँपालिका अध्यक्ष रामसुर बुढा मगरले पद तथा गोपिनियताको शपथ ग्रहण गराउनुभएको थियो । यूवा विकास सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५ बमोजिम पालिकास्तरीय यूवा विकास केन्द्रमा पहिलो पटकका लागि अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत रहेको सिफारिश समितिले सिफारिश गरी कार्यपालिकाबाट मनोनित संयोजक, सचिव र कोषाध्यक्ष, प्रत्येक वडाबाट सिफारिश एक जना महिला र एक जना पुरुष सहित १८ जना, गाउँपालिकाले मनोनित गरेको खेलकूद क्षेत्रबाट १, कला साहित्य तथा संस्कृतिबाट १, खोज अनुसन्धानबाट १, पशु कृषि व्यवसायबाट १, निर्माण व्यवसायीबाट १, व्यापार व्यवसायबाट १, ग्रामीण उद्योग व्यवसायबाट १ र महिला तथा अपाङ्ग प्रतिनिधि १ जना सदस्य रहने प्रावधान रहेको छ । केन्द्रको कार्यालय प्रमुख सदस्य सचिव हुने व्यवस्था रहेको छ ।

हालसम्म वडा नं. ३ र वडा नं. ७ बाट सिफारिश भई मनोनित हुने सदस्य र गाउँपालिकाले विभिन्न क्षेत्रबाट मनोनित गर्ने सदस्यहरु रिक्त रहेको छ । यूवा विकास केन्द्रमा वडा नं. १ बाट दयाधन घर्ति र बिन्को वि.के., वडा नं. २ बाट चाहना रोका र दिलमान रोका, वडा नं. ४ बाट आकाश बुढा र बिरजङ बुढा, वडा नं. ६ बाट इश्वरमान बुढा र सपना बुढा, वडा नं. ८ बाट सञ्चिता बुढा र प्रेम बुढा मगर वडा नं. ९ बाट प्रेम प्रकाश बुढा मनोनित भई शपथ ग्रहण गरिसक्नुभएको छ ।

कार्यक्रममा पदाधिकारीहरुलाई यूवा विकास केन्द्रको अवधारणा, कार्यविधिमा भएको व्यवस्था र आगामी दिनमा यूवा विकास केन्द्रले गर्नुपर्ने काम तथा गर्न सकिने सम्भावनाका बारेमा भूमे गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत चन्द्रसिंह श्रेष्ठले कार्यपत्र समेत प्रस्तुत गर्नुभएको थियो । शपथ ग्रहण तथा अभिमुखीकरणपछि सहभागीहरुले सरकारले यूवाहरुलाई बेवास्ता गरिरहेको अवस्थामा भूमे गाउँपालिकाले यूवालाई संगठित गरी विश्वासका साथ महत्वपूर्ण जिम्मेवारी प्रदान गरेकोमा खुशी व्यक्त गर्दै पालिकालाई नजिकमा बसेर नीति तथा योजना तर्जुमामा सल्लाह र कार्यान्वयनमा सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नुभएको थियो। यसैगरी कार्यक्रममा आफ्नो मन्तव्य राख्दै कार्यक्रममा प्रमुख अतिथि एवं गाउँपालिका अध्यक्ष रामसुर बुढा मगरले यूवा विकास केन्द्रको कार्यविधि बन्नु, संरचना गठन भई शपथ ग्रहण हुनु यूवा विकास केन्द्रको पूर्णता नभई सुरुवाती नक्सा र सपना मात्र भएकाले सपना पूरा गर्नका लागि लक्ष्य निर्धारण गरी ठोस योजना सहित काम गर्न सुझाव दिनुभयो। यूवा विकास केन्द्र भनेको पहिलो कुरा त यूवाको आफ्नै विकास हो र त्यसपछि समाज सेवा हो । सबै यूवा सक्षम भए सेवा गर्न सक्छन् त्यसैले दक्ष जनशक्ति कसरी उत्पादन गर्न सकिन्छ भन्ने योजना आउनुपर्छ । आजको आवश्यकता भनेको रिङ विकास नभएर स्पाइरल विकासको हो। त्यसैले स्पाइरल मोडेलको विकास गर्ने गरी योजना ल्याई इतिहासमा आफ्नो नाम स्वर्णिम अक्षरले लेखाउने काम गर्नुस् – उहाँले भन्नुभयो । प्रमुख अतिथि गाउँपालिका अध्यक्ष रामसुर बुढा मगर र अतिथि प्रमुख प्रशासकीय अधिकृत चन्द्रसिंह श्रेष्ठको उपस्थिति रहेको उक्त कार्यक्रमको अध्यक्षता शिक्षा, यूवा तथा खेलकूद शाखा प्रमुख शिक्षा अधिकृत कौशल तिवारीको अध्यक्षतामा भएको थियो भने कार्यक्रम सञ्चालन रोजगार संयोजक बसन्ती सुवेदीले गर्नुभएको थियो।

*दस्तावेजः*

*यूवा विकास केन्द्रका पदाधिकारीहरुलाई अभिमुखीकरण तथा शपथ ग्रहण कार्यक्रमपछि सहभागीहरुले राख्नुभएको धारणाको संक्षिप्त टिपोट*

| सहभागी | धारणाको संक्षिप्त टिपोट |
|---|---|
| बेदना बुढा मगर (कोषाध्यक्ष) | • यूवालाई पालिकाले परिवर्तन र विकासको संवाहकको रुपमा विश्वास गरेकाले यूवा विकास केन्द्रले सोही बमोजिम निर्वाह गर्नुपर्छ । नेपालमा ४० प्रतिशत यूवा छन् भूमेमा कति प्रतिशत यूवा छन्, शैक्षिक, आर्थिक, रोजगार पहुँचको तथ्याङ्क हुनुपर्छ । कस्ता यूवाहरुलाई प्राथमिकता दिने, कसलाई अगाडि बढाउने ? लैंगिक समानता, जातीय समानता, अपाङ्गता जस्ता मुद्दामा समेत यूवा विकास केन्द्रले विशेष प्राथमिकता दिनुपर्छ । (मूलधार, आवश्यकता र परिचालन)<br>• सार्वजनिक सम्पत्ति संरक्षण, संवर्द्धन र सदुपयोग कसरी गर्ने भन्ने नीति आवश्यक छ । त्यसमा यूवाको योगदान र भूमिका जरुरी छ । वैदेशिक रोजगारमा गएका यूवाहरुको संख्या, संकटपूर्ण वैदेशिक रोजगारमा भएका व्यक्तिको विवरण संकलन गरी तिनको सीप र क्षमतालाई सदुपयोग योजना<br>• प्राविधिक शिक्षालयको आवश्यकता र परिचालन, व्यवसायिक योजना र उद्यमी यूवा विकास हुनुपर्छ |
| सुनिल बुढा मगर | • यूवाहरुमा भएको उर्जाशील धारणा र शक्तिलाई एकीकृत हुनेछ । विविधतालाई एकतामा रुपान्तरण गर्दै यूवाहरुको जोश जाँगरलाई सिर्जनशीलता र सकारात्मक क्षेत्रमा परिचालन गरी |

| | |
|---|---|
| (संयोजक) | समृद्ध भूमेमा युवाको योगदान हुनेछ । युवाहरु भूमे गाउँ कार्यपालिकासँग सँगै रहनेछ । |
| अजय मगर (सचिव) | • भूमे गाउँपालिका हाम्रो साझा घर हो यसलाई कसरी समृद्ध बनाउने भन्ने कुरा हाम्रो मुख्य जोड हुनुपर्छ । जसका लागि हरेक व्यक्ति सक्षम हुनुपर्छ । हामी सबै सकारात्मक सोँचका साथ भूमेको सक्षम नागरिक बन्न सामूहिक भावना, एकता र समूह कार्य टिम वर्क र स्प्रिट हुन जरुरी छ । |
| प्रेम बुढा मगर भूमे ८ | • युवाहरुमा कमजोरी छ । शिक्षामा पछि भएकाले सबै एकजुट भएर शिक्षा लगायतका कुरामा अगाडि बढ्नुपर्छ |
| भूमे १ | • सबै युवाहरु स्वरोजगार होऊन ।<br>• अरु गाउँपालिकाले भूमेबाट सिक्ने अवस्थाको सिर्जना गरौं |
| सपना बुढा मगर भूमे ६ | • युवा विकास केन्द्र युवाहरुको सर्वाङ्गिण विकासका लागि प्लेटफर्म भएकाले युवाहरुको क्षमता केन्द्रित गरी अधिकाधिक सदुपयोग गर्नु जरुरी छ ।<br>• भूमे गाउँपालिकाका सबै युवाहरुलाई फरक फरक क्षमतालाई समानुपातिक तरिकाले विकास र प्रयोग गर्ने नीति लिनुपर्छ । |
| विरजङ बुढा मगर भूमे ४ | • युवाहरुको समूह भावना र समूह कार्यमा गर्नुपर्छ । सूचना तथा सञ्चार प्रविधिलाई जोड दिने, विद्यालयमा कम्प्यूटर ल्याबका साथै अबाकस प्रणालीको विकास गर्नुपर्छ । |

## कार्यक्रममा प्रमुख अतिथि तथा गाउँपालिका अध्यक्ष रामसुर बुढा मगरले राख्नुभएको मन्तव्यको सक्षिप्त बुँदा

- महाविर पुन र राष्ट्रिय आविष्कार केन्द्र लाई युवा विकास केन्द्रलाई जोड्न सकिन्छ । महाविर पुन भन्नुहुन्छ म जानेबुझेको होइन मुर्ख होइन । स्रोत साधन छैन आविष्कार केन्द्र स्थापना गरेको छु । आँट गरेको छु र अहिले राष्ट्रिय आविस्कार केन्द्रले काम गर्दैछ । त्यसरी नै युवा विकास केन्द्रलाई पनि परिचालन गर्न सकिन्छ ।
- युवा विकास केन्द्र अहिले भएको केही पनि होइन यो म्यापिङ मात्र हो ।
- हामी भाषण गर्दा सबै भन्छौं । तर, तथ्याङ्कमा भन्न सक्दैनौ । तथ्याङ्कमा पनि भन्न सकौंला तर त्यसलाई कसरी प्रयोग गर्ने भन्ने कुरा भन्न सक्दैनौं । एक्लै सक्दैनौ । तर, हामी सबैले योगदान गर्न सकेको खण्डमा त गर्न सकिन्छ । व्यक्तिगत स्वार्थभन्दा पर रहेमा सम्भव छ ।
- भूमे गाउँपालिकामा उत्कृष्ट जनशक्ति विकास गर्ने दीर्घकालीन योजना अहिलेको आवश्यकता हो ।
- युवा विकास केन्द्र आवश्यक छ भनी निश्कर्ष निकाली विज्ञहरुको सहयोगमा कार्यविधि बनी कानून बनेको छ । कानून बमोजिम संरचना तय गर्न कति समय लाग्यो । संरचनामा पात्र को को हुने भन्ने कुरामा पनि समय लागेको छ । अहिले संरचनाको पूर्णतामा केही काम पूरा भयो तर यो नक्सा मात्र हो।
- हामी धेरै टाढाको सपना देखेका छौं । कल्पनामा छौं तर टाढा छ, कल्पना हो भनेर सुरू नगर्ने हो भने त केही पनि हुँदैन । सुरु गरेको खण्डमा त काम केही भए पनि थोरै त हुन्छ ।
- सरकारमा गएको मान्छेले त सरकारमै सहभागी हुने हो नभएकाले के गर्ने त भन्दा अर्थपूर्ण सहभागी हुने हो । त्यसको विधि युवा विकास केन्द्र हो ।
- सहभागिता ठूलो कुरा होइन अर्थपूर्ण सहभागिता हुनुपर्छ । सदस्य भएँ उपस्थित भएँ भन्ने कुरा ठूलो होइन । ठूलो कुरा त आफूले राय राखियो कि राखिएन ? अर्थात सहभागिता भएको अर्थ रह्यो कि रहेन भन्ने कुरा महत्वपूर्ण हो ।
- यो संरचना भनेको प्रतिनिधिमूलक संस्था हो । संस्थागत गर्ने वैधानिकता पनि हो ।
- युवाहरु नीति र निर्णयमा पनि अर्थपूर्ण सहभागिता अनि नीति र निर्णय कार्यान्वयनमा पनि अर्थपूर्ण सहभागिता आवश्यक हो ।
- हामी पहाड फोर्न पनि सक्छौं, अनि नीति योजना मार्फत सबैलाई लामबद्ध र गोलबन्द पनि गर्न सक्छौं ।


युवाहरु परिवर्तनका संवाहक हुन ।

- संसार गतिशील छ । परिवर्तनलाई आत्मसाथ गर्न नसकेमा हामी अवश्य पतन हुन्छौं ।
- हामी जति काम गर्छौं त्यति क्षमता विकास गर्छौं । क्षमता भएमा मात्र योगदान गर्न सक्छ त्यसरी
- विकास स्पाइरलमा हुनुपर्छ । रिङमा विकास भएमा कहिल्यै पनि विकास हुँदैन। रिङ विकास उही ठाउँमा हुन्छ तर स्पाइरल विकासले प्रगतिको शिखर चुम्छ । समय जहिले पनि माथि चढिरहेको हुन्छ। समयको गतिसँगै स्पाइरल विधिमा विकास हुनुपर्छ।
- तपाईहरु व्यवसाय गर्दैहुनुहुन्छ, जागिर खाँदै हुनुहुन्छ । अध्ययन अनुसन्धान गर्नुहुन्छ। यसबाट कि त उँधोगतिमा जान्छ अनि विकल्प खोजिन्छ कि त उँभोगति लाग्छ थप सिफ्ट र परिस्कृत वा व्यवसायिक हुनुहुन्छ।
- यूवा विकास केन्द्रमा गर्ने योगदान भनेको समाजमा जे गरिरहनु भएको छ त्यसलाई फरक तरिकाले योगदान गर्नुस्।
- तपाईहरु नौलो काम गर्दै हुनुहुन्छ । इतिहासमा स्वर्णिम अक्षरले आफ्नो नाम लेखिने गरी काम गर्नुस्।
- संविधानले समाजवादउन्मुख समाजको परिकल्पना गरेको छ । त्यसलाई सुरुवात पनि तपाई हामीले नै गर्नुपर्छ । हामी यूवाहरु समाजवाद निर्माणको पहिचान र दायित्व पनि हामीले नै लिनुपर्ने भएको छ।
- अब हामीले यस वर्ष कति काम गर्न सक्छौं ? अब औपचारिकता पूरा भयो अर्थात शपथ खाइसक्नुभयो। बचनवद्ध भैसक्नुभयो । अब यस वर्ष यूवा विकास केन्द्रले के गर्न सक्छ ? भूमे गाउँपालिकाको समग्र काम के हो ? यस वर्ष के के काम गर्न सकिन्छ ? र आगामी के के गर्न सकिन्छ ? त्यसका लागि कति बजेट आवश्यक छ ? कस्तो योजना ल्याउनुपर्छ ? त्यसको जवाफ दिनुस् ।
- अनि योजना तथा कार्यक्रम कार्यान्वनका लागि हामीसँग कुन कुन स्रोत साधन छ ? स्रोत साधन बढाउन के काम गर्न जरुरी छ ? कुन कुन क्षेत्रमा हामीसँग जनशक्ति कति छ ? कस्तो योजना आवश्यक छ ? भन्ने सुझाव र निचोड दिनुस् ।
- विश्व एक ग्राम भैसकेको अवस्थामा धेरैले सरकारलाई आरोप लगाएर सरकारले बेरोजगार बनायो । रोजगारी दिन सकेन भनेर पन्छिने प्रवृत्ति पनि छ । यद्यपी बेरोजगारीको समस्यालाई कसरी हल गर्न सकिन्छ भन्ने कोणबाट योजना जरुरी छ । सम्पूर्ण यूवाहरुलाई खपत गर्न सकिने रोजगारीका सृजना गर्न सकिने अवस्थामा कसरी ल्याउन सकिन्छ ? खपत गर्न नसक्ने जनशक्तिलाई कसरी बढी आम्दानी जनशक्ति उत्पादन गर्न सकिन्छ ?
- तालिमको मूल उद्देश्य सके आफै उद्यमी बनोस् नसके उसको क्षमता र सीपले बजारमा मूल्य पाओस् भन्ने हो । अहिले विद्यालयबाट आएका र विद्यालय बाहिरबाट आएका जनशक्ति पर्याप्त प्रयोग गर्न सकिने खालको छैन त्यसैले नै हामीलाई बेरोजगारीको अवस्था सृजना गरेको छ ।
- हामीसँग शैक्षिक योग्यता हासिल गरेको प्रमाणपत्र त छ तर प्रतिस्पर्धा गर्न सकेका छैनौं । विद्यालय बाहिर रहेका अर्थात तालिम लिएकाहरु पनि अलि अलि सीप जानेकाले काम पाउँदैनौं । तालिम लिएर जीवन व्यवहारमा प्रयोग नगर्दा विकास र लगानी रिङ विकास भयो । स्पाइरल विकास भएन ।
- मानव जातिको जब क्षमताको विकास हुँदैन कुनै गाउँ, देशको विकास हुँदैन । क्षमताको विकास नभएमा अरु केही विकास हुँदैन । ऊ आत्मनिर्भर हुँदैन परनिर्भर हुन्छ । तसर्थ उसको चेतना र दिमाग विकास गर्नुपर्छ । क्षमता विकासका लागि विद्यालयभित्र र विद्यालय बाहिर रहेका मानिसहरुलाई क्षमतावान बनाएमा सबै विकास हुन्छ । भौतिक विकास हुँदैमा सबै विकास हुँदैन तर मानव विकास भएमा धेरै विकास हुन्छ ।

## पालिकास्तरीय प्र.अ. बैठक सम्पन्न

*२८ वैशाख २०७७, खाबाङबगर ।*

भूमे गाउँपालिका अन्तर्गत सामुदायिक विद्यालयहरुमा अद्यापनरत प्रधानाध्यापकहरुको पालिकास्तरीय बैठक सम्पन्न भएको छ । गाउँपालिकास्तरीय शिक्षा समितिका संयोजक एवं भूमे गाउँपालिका अध्यक्ष श्री रामसुर बुढा मगरको अध्यक्षतामा सम्पन्न बैठकमा १८ जना प्रधानाध्यापकहरुको उपस्थिति रहेको थियो । बैठकमा हाल विश्वभर महामारीको रुपमा फैलिरहेको कोभिड १९ कोरोना भाइरस नियन्त्रण तथा रोकथामका लागि नेपाल सरकारबाट जारी लकडाउनका कारण प्रभावित शिक्षण क्रियाकलापलाई निरन्तरता दिन वैकल्पिक उपाय, पालिकास्तरीय परीक्षाको सहजीकरण, शिक्षकहरुको कार्यसम्पादन मूल्याङ्कन लगायतका विषयमा समीक्षा तथा छलफल गरेको थियो ।



# भूमे कोरोना रोकथाम तथा नियन्त्रणका लागि रकम सहयोग

*२८ बैशाख २०७७, खाबाङबगर ।*




विश्वभर फैलिरहेको नोभल कोरोना भाइरस पूर्वतयारी तथा प्रतिकार्यका लागि गठित गाउँपालिकास्तरीय समन्वय समितिको बैठकको निर्णयानुसार स्थापित "भूमे कोरोना रोकथाम तथा नियन्त्रण कोष" खातामा निरन्तर सहयोग प्राप्त भैरहेको छ ।

यो हप्ता पनि कोरोना नियन्त्रणका लागि भूमे गाउँपालिकाको प्रकोप व्यवस्थापन कोष खातामा गाउँपालिकाका कर्मचारी सहायक पाँचौ श्री राजन महत्राले रु. ३,३३३।– को चेक प्रमुख प्रशासकीय अधिकृत श्री चन्द्रसिंह श्रेष्ठलाई हस्तान्तरण गर्नुभएको छ ।

त्यसैगरी सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेड भूमे शाखाले पनि रु. २५,०००।– सहयोग गरेको छ । बैंकका प्रतिनिधि पिङ्की खड्काले भूमे गाउँपालिका अध्यक्ष रामसुर बुढा मगरलाई बैंककोतर्फबाट सहयोग स्वरुप रु. २५,०००।– को चेक हस्तान्तरण गर्नुभएको हो ।

गाउँपालिकाको कोरोना नियन्त्रण तथा प्रतिकार्य योजना कार्यान्वयनका लागि हालसम्म प्राप्त सहयोग

| क्र.सं. | प्राप्त मिति | योगदान गर्ने व्यक्ति/संस्थाको नाम | जिल्ला | न.पा./गा.पा. | वडा | टोल | कार्यरत, पद | रकम रु | जिन्सी सहयोग |
|---|---|---|---|---|---|---|---|---|---|
| | २०७६।१२।१८ | भूमे गाउँपालिकाबाट विनियोजित | रुकुम (पूर्व) | भूमे गाउँपालिका | - | - | | १००००० | |
| १ | २०७६।१२।१८ | रामसुर बुढा मगर | रुकुम (पूर्व) | भूमे गाउँपालिका | २ | काँक्री | गाउँपालिका अध्यक्ष, भूमे गाउँपालिका | ५००० | |
| २ | २०७६।१२।१८ | चन्द्रसिंह श्रेष्ठ | रुकुम (पूर्व) | भूमे गाउँपालिका | ३ | झुम्लाबाङ | प्रमुख प्रशासकीय अधिकृत, भूमे गाउँपालिका | १०००० | |
| ३ | २०७६।१२।२० | रुकुमकोट उद्योग वाणिज्य संघ | रुकुम (पूर्व) | | | रुकुमकोट | डिटोल साबुन - 25, मास्क - ६०० Pc | | |
| ४ | २०७६।१२।२० र २१ गते | जिल्ला समन्वय समितिको कार्यालय | रुकुम (पूर्व) | (नेपाल सरकार र प्रदेश सरकार) | | रुकुमकोट | मास्क ११६० Pc, PPE Set - ७, Gloves - 100 Pcs. | | |
| ५ | २०७६।१२।२२ | पञ्चबहादुर रोका | रुकुम (पूर्व) | भूमे गाउँपालिका | ८ | कोर्जा | ८ नं वडाध्यक्ष, भूमे गाउँपालिका | २००० | |
| ६ | २०७६।१२।२२ | देव बहादुर बुढा | रुकुम (पूर्व) | भूमे गाउँपालिका | ६ | महत | ६ नं वडाध्यक्ष, भूमे गाउँपालिका | २००० | |
| ७ | २०७६।१२।२२ | नर बहादुर बुढा | रुकुम (पूर्व) | भूमे गाउँपालिका | ६ | महत | २ नं वडाध्यक्ष, भूमे गाउँपालिका | १५०० | |
| ८ | २०७६।१२।२२ | रामचन्द्र पुन | रुकुम (पूर्व) | भूमे गाउँपालिका | ६ | महत | १ नं वडाध्यक्ष, भूमे गाउँपालिका | १५०० | |
| ९ | २०७६।१२।२२ | मनकुमारी बुढा विष्ट | रुकुम (पूर्व) | भूमे गाउँपालिका | ९ | चुनबाङ | गाउँपालिका उपाध्यक्ष, भूमे गाउँपालिका | ३००० | |
| १० | २०७६।१२।२२ | मनकुमारी बुढा | रुकुम (पूर्व) | भूमे गाउँपालिका | 7 | लाबाङ | कार्यपालिका सदस्य, भूमे गाउँपालिका | १००० | |
| ११ | २०७६।१२।२२ | मीना सुनार | रुकुम (पूर्व) | भूमे गाउँपालिका | 6 | महत | कार्यपालिका सदस्य, भूमे गाउँपालिका | १००० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १२ | २०७६।१२।२२ | उपेन्द्र यादव | धनुषा | औरही गाउँपालिका | 2 | देउरी | स्वास्थ्य संयोजक, भूमे गाउँपालिका | ५००० | |
| १३ | २०७६।१२।२८ | श्याम सुन्दर सदार | रुकुम (पूर्व) | भूमे गाउँपालिका | २ | काँक्री | कार्यपालिका सदस्य, भूमे गाउँपालिका | १५०० | |
| १४ | २०७६।१२।२८ | धनमान रोका | रुकुम (पूर्व) | भूमे गाउँपालिका | ७ | लाबाङ | ७ नं वडाध्यक्ष, भूमे गाउँपालिका | ३००० | |
| १५ | २०७६।१२।२८ | टेक प्रसाद बुढा | रुकुम (पूर्व) | भूमे गाउँपालिका | ५ | सेराबाङ | ५ नं वडाध्यक्ष, भूमे गाउँपालिका | २००० | |
| १६ | २०७६।१२।२८ | भीम बहादुर नेपाली | रुकुम (पूर्व) | भूमे गाउँपालिका | ९ | चुनबाङ | ९ नं वडाध्यक्ष, भूमे गाउँपालिका | १००० | |
| १७ | २०७६।१२।२८ | चङ्ख बहादुर बुढा मगर | रुकुम (पूर्व) | भूमे गाउँपालिका | ४ | काँडा | ४ नं वडाध्यक्ष, भूमे गाउँपालिका | १००० | |
| १८ | २०७६।१२।२८ | भीम बहादुर बुढा | रुकुम (पूर्व) | भूमे गाउँपालिका | ४ | काँडा | ४ नं वडाध्यक्ष, भूमे गाउँपालिका | १००० | |
| १९ | २०७६।१२।२८ | सञ्जिव खड्का | रुकुम (पश्चिम) | मुसिकोट नपा | ४ | सोलाबाङ | स्वास्थ्य सह संयोजक, भूमे गाउँपालिका | ३००० | |
| २० | २०७६।१२।२८ | नेपाल जनजागरण मञ्च | रुकुम (पश्चिम) | मुसिकोट | धारा भएको बाल्टी सानो - ५ थान, हाते स्प्रे ट्याङ्क (५ लि.) - ५ थान, साबुन ५००, सानो स्यानिटाइजर - १० वटा | | | | |
| २१ | २०७६।१२।३० | मा. जनार्दन शर्मा | रुकुम (पश्चिम) | संघीय सांसद | | मार्फत जिसस प्रमुख कैलास वली | | थर्मल गन १ वटा | |
| २२ | २०७७।०१।०१ | रुक्मिणी बचत तथा ऋण सहकारी संस्था | रुकुम (पूर्व) | सिस्ने गाउँपालिका | ६ | रुकुमकोट | | ३०००० | |
| २३ | २०७७।०१।०१ | बिमला रोका श्रेष्ठ | रुकुम (पूर्व) | भूमे गाउँपालिका | ३ | झुम्लाबाङ | शा.अ., जिसस रुकुम (पूर्व) | १०००० | |
| २४ | २०७७।०१।०३ | भूमे गापा कर्मचारी तभबाट योगदान | | | | | कार्यपालिका सदस्य, | १५८२८३ | |
| २५ | २०७६।१२।२१, २०७७।०१।०५ | स्वास्थ्य कार्यालय | रुकुम (पूर्व) | | | रुकुमकोट | मास्क १०० Pc,Gloves - 2 Pcs, स्यानिटाइजर (५ लि) २ वटा, मास्क १०० पिस, ग्लोब्स १०० पिस | | |
| २६ | २०७७।०१।०७ | कोइचा पर्वतीय साना किसान कृषि सहकारी संस्था लि. | रुकुम (पूर्व) | भूमे गाउँपालिका | ६ | महत | ६ नं वडाध्यक्ष, भूमे गाउँपालिका | १६००० | |
| २७ | २०७७।०१।१४ | मा. कमला रोका | रुकुम (पूर्व) | प्रतिनिधि सभा सदस्य, रुकुम (पूर्व) | | | मास्क १०००, स्यानिटाइजर (सानो) ३० बोतल र राष्ट्रिय आविष्कारबाट प्राप्त PPE ११ सेट | | |
| २८ | २०७७।०१।१६ | निर्माण व्यवसायीहरु भूमे गाउँपालिका | रुकुम (पूर्व) | भूमे गाउँपालिका | आमोल निर्माण सेवा प्रा.लि., खाम विल्डर्स प्रा.लि., सन्तोष निर्माण सेवा, स.जि.स. निर्माण सेवा, ब्लू माउन्टेन सेवा, गडिल निर्माण सेवा, नविन इन्फोटेक, सनलाइट इन्जिनियरिङ, जय विकास निर्माण सेवा, प्रभात निर्माण सेवा | | | ३०००० | |
| २९ | २०७७।०१।१६ | गणेश वली | रुकुम (पश्चिम) | त्रिवेणी गाउँपालिका | ७ | राजकोट | लेखा अधिकृत, भूमे गाउँपालिका | ४००० | |
| ३० | २०७७।०१।१६ | विजय बाँठा मगर | रुकुम (पश्चिम) | सानीभेरी गाउँपालिका | ५ | मेलचौर | लेखा सहायक पाँचौं भूमे गाउँपालिका | २५०० | |
| ३१ | २०७७।०१।२६ | राजन महत्रा | अर्घाखाँची | पाणिनी गाउँपालिका | | | सहायक पाँचौ, भूमे गाउँपालिका | ३३३३ | |
| ३२ | २०७७।०१।२९ | सिटिजन बैंक इन्टरनेशनल लि | रुकुम (पूर्व) | भूमे शाखा | | खाबाङबगर | | २५००० | |
| ३३ | २०७७।०१।२९ | कर्मचारी तभ | टेक ब. अनुपमा, प्रतिक्षा, पवन | | | | | १०९६२ | |

# सातामा शाखा तथा कार्यालयहरुबाट सम्पादन भएका कामको विवरण

## Covid-19 रोकथाम तथा तयारी सम्बन्धी विवरण

| क्र.सं. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १. | क्वारेन्टाइन संख्या: | ४ | लुकुम, सिमा, झुम्लाबाङ, साकिम |
| २. | क्वारेन्टाइनको क्षमता | ४५ | |
| ३. | हेल्प डेस्क | १ | गाउँ कार्यपालिका कार्यालय |
| ४. | हेल्थ डेस्क | ११ | |

## क्वारेन्टिनमा रहेका र डिस्चार्ज भएका व्यक्तिहरुको विवरण

| क्र.सं. | बाहिरबाट आएको व्यक्तिको नाम | वडा नं. | टोल | उमेर | आएको देश/ जिल्ला | आएको मिति | यात्रा विवरण | यात्रा दिन | पुगेपछि कुन कुन स्थानमा गएको | स्वास्थ्य | चेक जाँच | कवारेन्टाईनमामा बसेको मिति | डिस्चार्ज मिति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क | सिद्वचौर मा. वि लुकुम करेन्टाईन | | | | | | | | | | | | |
| 1 | प्रेमा पुन | १ | लुकुम | ६० | दाङ | २०७७।०१।११ | दाङ रोल्पा थवाङ हुदै खाबाङबगर | २ | क्वारेन्टिन | सामान्य | दैनिक | २०७७।०१।११ | २०७७।०१।२४ |
| 2 | ज्ञानज्योती पुन | १ | लुकुम नरीबाङ | १९ | जनकपुर | २०७७।०१।११ | " | ञ | क्वारेन्टिन | सामान्य | दैनिक | २०७७।०१।११ | २०७७।०१।२४ |
| 3 | विश्वास पुन | १ | लुकुम | २० | दाङ | २०७७।०१।११ | " | २ | क्वारेन्टिन | सामान्य | दैनिक | २०७७।०१।११ | २०७७।०१।२४ |
| 4 | डायमण्ड पुन | १ | लुकम नरीबाङ | १६ | दाङ | २०७७।०१।११ | " | | क्वारेन्टिन | सामान्य | दैनिक | २०७७।०१।११ | २०७७।०१।२४ |
| 5 | विरशाही घर्ती | १ | लुकुम | २१ | दाङ | २०७७।०१।११ | " | | क्वारेन्टिन | सामान्य | दैनिक | २०७७।०१।११ | २०७७।०१।२४ |
| 6 | विबश पुन | १ | लुकुम | १७ | दाङ | २०७७।०१।११ | " | | क्वारेन्टिन | सामान्य | दैनिक | २०७७।०१।११ | २०७७।०१।२४ |
| 7 | किसोर पुन | १ | लुुकुम | २९ | दाङ | २०७७।०१।१२ | " | | क्वारेन्टिन | सामान्य | दैनिक | २०७७।०१।१२ | |
| 8 | जित मान बुढा | १ | लुुकुम | २९ | दाङ | २०७७।०१।१२ | " | | क्वारेन्टिन | सामान्य | दैनिक | २०७७।०१।१२ | |
| 9 | लिखित गुरुङ | १ | लुकुम | १८ | काठमान्डौ | २०७७।०१।१२ | काठमान्डौ बाग्लुङ हुदै खाबाङबगर | | क्वारेन्टिन | सामान्य | दैनिक | २०७७।०१।१२ | |
| 10 | विशाल विक | १ | लुकुम | २४ | म्यग्दी खोला | २०७७।०१।११ | म्याग्दी बाग्लुङ निशी भल्कोट लुकुम | | क्वारेन्टिन | सामान्य | दैनिक | २०७७।०१।११ | २०७७।०१।२४ |
| 11 | प्रेम सुनार | १ | लुकुम | २८ | म्यग्दी खोला | २०७७।०१।११ | " | | क्वारेन्टिन | सामान्य | दैनिक | २०७७।०१।११ | २०७७।०१।२४ |
| 12 | टोप जङ घर्ती | १ | मुलबाङ लुकुम | ३२ | म्यग्दी खोला | २०७७।०१।११ | " | | क्वारेन्टिन | सामान्य | दैनिक | २०७७।०१।११ | २०७७।०१।२४ |
| 13 | भिउमान घर्ती | १ | धतास खोला | १९ | म्यग्दी खोला | २०७७।०१।११ | " | | क्वारेन्टिन | सामान्य | दैनिक | २०७७।०१।११ | २०७७।०१।२४ |
| 14 | भक्त विक | १ | लुकुम | ५५ | दाङ | २०७७।०१।११ | दाङ होलेरी हुदै खाबाङबगर | | क्वारेन्टिन | सामान्य | दैनिक | २०७७।०१।११ | २०७७।०१।२४ |
| 15 | सुनकुमारी बुढा मगर | १ | लुकुम | २९ | दाङ | २०७७।०१।११ | " | | क्वारेन्टिन | सामान्य | दैनिक | २०७७।०१।११ | २०७७।०१।२४ |
| 16 | सुनराखि घर्ती | १ | लुकुम | ६१ | दाङ | २०७७।०१।११ | " | | क्वारेन्टिन | सामान्य | दैनिक | २०७७।०१।११ | २०७७।०१।२४ |
| 17 | धर्म कुमारी सेर्पाली | १ | लुकुम | ५० | दाङ | २०७७।०१।११ | " | | क्वारेन्टिन | सामान्य | दैनिक | २०७७।०१।११ | २०७७।०१।२४ |
| 18 | रविना पुन | १ | लुकुम | २३ | दाङ | २०७७।०१।११ | " | | क्वारेन्टिन | सामान्य | दैनिक | २०७७।०१।११ | २०७७।०१।२४ |
| 19 | कल्पना सुनार | १ | लुकुम | २४ | दाङ | २०७७।०१।११ | " | | क्वारेन्टिन | सामान्य | दैनिक | २०७७।०१।११ | २०७७।०१।२४ |
| 20 | पुनी सरा विक | १ | लुकुम | ५५ | दाङ | २०७७।०१।११ | " | | क्वारेन्टिन | सामान्य | दैनिक | २०७७।०१।११ | २०७७।०१।२४ |
| 21 | जेनिशा पुन | १ | लुकुम | ३२ | दाङ | २०७७।०१।११ | " | | क्वारेन्टिन | सामान्य | दैनिक | २०७७।०१।११ | २०७७।०१।२४ |
| 22 | रिया सुनार | १ | लुकुम | ६ | दाङ | २०७७।०१।११ | " | | क्वारेन्टिन | सामान्य | दैनिक | २०७७।०१।११ | २०७७।०१।२४ |
| 23 | रक्षा बहादुर विक | १ | लुकुम | ३६ | पोखरा | २०७७।०१।१४ | पोखरा दाङ होलेरी थवाङ हुदै खबाङबगर | | क्वारेन्टिन | सामान्य | दैनिक | २०७७।०१।१४ | |
| 24 | सरिता विक | १ | लुकुम | १८ | पोखरा | २०७७।०१।१४ | " | | क्वारेन्टिन | सामान्य | दैनिक | २०७७।०१।१४ | |
| 25 | सिमरण विक | १ | लुकुम | २ | पोखरा | २०७७।०१।१४ | " | | क्वारेन्टिन | सामान्य | दैनिक | २०७७।०१।१४ | |
| 26 | शाहिल सुनार | १ | लुकुम | १९ | पोखरा | २०७७।०१।१४ | " | | क्वारेन्टिन | सामान्य | दैनिक | २०७७।०१।१४ | |
| 27 | रासधन विक | १ | लुकुम | १७ | पोखरा | २०७७।०१।१४ | " | | क्वारेन्टिन | सामान्य | दैनिक | २०७७।०१।१४ | |
| 28 | जिवन विक | १ | लुकुम | २० | पोखरा | २०७७।०१।१४ | " | | क्वारेन्टिन | सामान्य | दैनिक | २०७७।०१।१४ | |
| 29 | बुद्रि पुन | १ | लुकुम | ७६ | घोराही | २०७७।०१।१५ | दाङ होलेरी हुदै थवाङ महत | | क्वारेन्टिन | सामान्य | दैनिक | २०७७।०१।१४ | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 30 | जेरुसा बुढा | १ | लकुम | २२ | घोराही | २०७७।०१।१८ | " | | क्वारेन्टिन | सामान्य | दैनिक | | |
| ख | शहिद शुक्र मावि कवारेन्टाईनमा बसेका | | | | | | | | | सामान्य | | | |
| 1 | मोहन पुन | ३ | सिमा | ३० | काठ्मान्डौ | २०७७।०१।१२ | काठमान्डौ रोल्पा चुन्बाङ हुदै सिमा | | क्वारेन्टिन | सामान्य | दैनिक | २०७७।०१।१३ | २०७७।०१।२६ |
| 2 | आकाश पुन | ३ | सिमा | २० | काठमान्डौ | २०७७।०१।१२ | " | | क्वारेन्टिन | सामान्य | दैनिक | २०७७।०१।१३ | २०७७।०१।२६ |
| 3 | राहुल पुन मगर | ३ | सिमा | ११ | काठमान्डौ | २०७७।०१।१२ | " | | क्वारेन्टिन | सामान्य | दैनिक | २०७७।०१।१३ | २०७७।०१।२६ |
| 4 | ग्रिसमा पुन | ३ | सिमा | ८ | काठमान्डौ | २०७७।०१।१२ | " | | क्वारेन्टिन | सामान्य | दैनिक | २०७७।०१।१३ | २०७७।०१।२६ |
| 5 | सागर पुन | ३ | सिमा | ३० | काठमान्डौ | २०७७।०१।१२ | " | | क्वारेन्टिन | सामान्य | दैनिक | २०७७।०१।१३ | २०७७।०१।२६ |
| 6 | राम कुमार रोका | ३ | सिमा | २४ | काठमान्डौ | २०७७।०१।१२ | " | | क्वारेन्टिन | सामान्य | दैनिक | २०७७।०१।१३ | २०७७।०१।२६ |
| 7 | लिना पुन | ३ | सिमा | ३० | काठमान्डौ | २०७७।०१।१२ | " | | क्वारेन्टिन | सामान्य | दैनिक | २०७७।०१।१३ | २०७७।०१।२६ |
| 8 | मञ्जु घर्ती | पुथा १० | | १४ | दाङ | २०७७।०१।१२ | रुकुमकोट दोमही हुदै सिमा | | क्वारेन्टिन | सामान्य | दैनिक | २०७७।०१।१३ | २०७७।०१।२६ |
| 9 | सत्या पुन | ३ | सिमा | २१ | दाङ | २०७७।०१।१२ | " | | क्वारेन्टिन | सामान्य | दैनिक | २०७७।०१।१३ | २०७७।०१।२६ |
| ग | झुम्लाबाङ ठूलो गाउँ कवारेन्टाईनमा रहेका | | | | | | | | | | | | |
| 8 | पुर्ण धन रोका | ३ | झुम्लाबाङ | ३३ | दाङ | २०७७।०१।१० | दाङ सल्यान रुकुमकोट हुदै झुम्लाबाङ | | क्वारेन्टिन | सामान्य | दैनिक | २०७७।०१।१० | २०७७।०१।२३ |
| 9 | बलाराम श्रेष्ठ | ३ | झुम्लाबाङ | २० | दाङ | २०७७।०१।१० | " | | क्वारेन्टिन | सामान्य | दैनिक | २०७७।०१।१० | २०७७।०१।२३ |
| 10 | यज्ञ बुढा मगर | ३ | झुम्लाबाङ | २५ | दाङ | २०७७।०१।१० | " | | क्वारेन्टिन | सामान्य | दैनिक | २०७७।०१।१० | २०७७।०१।२३ |
| 11 | तारक रोका | ३ | झुम्लाबाङ | २४ | दाङ | २०७७।०१।१० | " | | क्वारेन्टिन | सामान्य | दैनिक | २०७७।०१।१० | २०७७।०१।२३ |
| 12 | मोहोन श्रेष्ठ | ३ | झुम्लाबाङ | १९ | दाङ | २०७७।०१।१० | " | | क्वारेन्टिन | सामान्य | दैनिक | २०७७।०१।१० | २०७७।०१।२३ |
| 13 | शान्ती राना | ३ | झुम्लाबाङ | २७ | दाङ | २०७७।०१।१० | " | | क्वारेन्टिन | सामान्य | दैनिक | २०७७।०१।१० | २०७७।०१।२३ |
| 14 | विमला श्रेष्ठ | ३ | झुम्लाबाङ | २७ | दाङ | २०७७।०१।१० | " | | क्वारेन्टिन | सामान्य | दैनिक | २०७७।०१।१० | २०७७।०१।२३ |
| 15 | कस्मिका बुढा मगर | ३ | झुम्लाबाङ | ४ | दाङ | २०७७।०१।१० | " | | क्वारेन्टिन | सामान्य | दैनिक | २०७७।०१।१० | २०७७।०१।२३ |
| 16 | नविना श्रेष्ठ | ३ | झुम्लाबाङ | १७ | दाङ | २०७७।०१।१० | " | | क्वारेन्टिन | सामान्य | दैनिक | २०७७।०१।१० | २०७७।०१।२३ |
| 17 | निर्जला श्रेष्ठ | ३ | झुम्लाबाङ | १५ | दाङ | २०७७।०१।१० | " | | क्वारेन्टिन | सामान्य | दैनिक | २०७७।०१।१० | २०७७।०१।२३ |
| घ | जन विकास आ वि कवारेन्टाईन | | | | | | | | | सामान्य | | | |
| 1 | विष्णु बुढा | ४ | काडा | | नुवाकोट | २०७७।११।०७ | दाङ होलेरी हुदै थवाङ महत | | क्वारेन्टिन | सामान्य | दैनिक | २०७७।०१।०७ | २०७७।०१।२१ |
| 2 | मनोज बुढा | ४ | भूमे | २० | भक्तपुर | २०७७।०१।११ | भक्तपुर दाङ सल्यान हुदै रुकुमकोट | | क्वारेन्टिन | सामान्य | दैनिक | २०७७।०१।११ | २०७७।०१।२४ |
| 3 | दिल कुमारी बुढा | ४ | भूमे | ३८ | भक्तपुर | २०७७।०१।११ | " | | क्वारेन्टिन | सामान्य | दैनिक | २०७७।०१।११ | २०७७।०१।२४ |
| 4 | अम्मर बूढा मगर | ४ | भूमे | २४ | भक्तपुर | २०७७।०१।११ | काठमान्डौ दाङ सल्यान | | क्वारेन्टिन | सामान्य | दैनिक | २०७७।०१।११ | २०७७।०१।२४ |
| 5 | सिरपान श्रेष्ठ | ४ | भूमे | २२ | काठमान्डौ | २०७७।०१।११ | " | | क्वारेन्टिन | सामान्य | दैनिक | २०७७।०१।११ | २०७७।०१।२४ |
| 6 | नर बहादुर विक | ४ | तल्लो साकिम | ३४ | काठमान्डौ | २०७७।०१।१३ | " | | क्वारेन्टिन | सामान्य | दैनिक | २०७७।०१।१३ | २०७७।०१।२६ |
| 7 | लहरमाया परियार | ४ | तल्लो साकिम | ३७ | खलङ्गा | २०७७।०१।१६ | खलङ्गा रुकुमकोट काडा | | क्वारेन्टिन | सामान्य | दैनिक | २०७७।०१।१६ | |
| 8 | करिमा वि क | ४ | तल्लो साकिम | २० | खलङ्गा | २०७७।०१।१६ | " | | क्वारेन्टिन | सामान्य | दैनिक | २०७७।०१।१६ | |
| 9 | सुरज पुन | ४ | तल्लो साकिम | २२ | बुटवल | २०७७।०१।२५ | बुटवल दाङ रोल्पा हुदै काडा | | क्वारेन्टिन | सामान्य | दैनिक | २०७७।०१।२५ | |
| 1 | गोपाल विक | ५ | डालिबाङ | २५ | बारा | २०७७।०१।२७ | " | २ | बारा हेटौडा सल्यान हुदै खाबाङबगर | सामान्य | दैनिक | २०७७।०१।२७ | |
| 2 | रोसनी विक | ५ | डालिबाङ | ५ | बारा | २०७७।०१।२७ | " | २ | " | सामान्य | दैनिक | २०७७।०१।२७ | |
| 3 | लक्ष्मी विक | ५ | डालिबाङ | २३ | बारा | २०७७।०१।२७ | " | २ | " | सामान्य | दैनिक | २०७७।०१।२७ | |
| 4 | रुपै विक | ५ | साकिम | ३० | बारा | २०७७।०१।२७ | " | २ | " | सामान्य | दैनिक | २०७७।०१।२७ | |
| 5 | मनोज विक | ५ | साकिम | १३ | बारा | २०७७।०१।२७ | " | २ | " | सामान्य | दैनिक | २०७७।०१।२७ | |
| 6 | सुनता विक | ५ | साकिम | २५ | बारा | २०७७।०१।२७ | " | २ | " | सामान्य | दैनिक | २०७७।०१।२७ | |
| 7 | मिलन विक | ५ | साकिम | ४ | बारा | २०७७।०१।२७ | " | २ | " | सामान्य | दैनिक | २०७७।०१।२७ | |

## भारत लगायत विदेशी मुलुकबाट आएका व्यक्तिहरुको विवरण

| क्र | नाम, थर | लिङ्ग | उमेर (वर्ष) | वडा | गाउँ/टोल | सम्पर्क नं. | बाबुको नाम | आएको मिति |
|---|---|---|---|---|---|---|---|---|
| 1 | लयन सरी घर्ती | महिला | २८ | १ | लुकुम मुलबाङ | ९८२२९०१८८९४ | लहर बहादुर बुढा | २०७६।१२।०३ |
| 2 | राज विर पुन | पुरुष | ४१ | १ | लुकुम रूजिखोला | | राम बहादुर पुन | २०७६।११।१५ |
| 3 | श्री प्रसाद गूरुङ | पुरुष | ४१ | १ | लुकुम पञ्चासे | ९८१२८७८३०९ | धर्म गुरुङ | २०७६।११।२६ |
| 4 | मान बहादुर पुन | पुरुष | ३७ | ३ | सिमा | | ओजे पुन | २०७६।१२।०१ |
| 5 | विर वहादुर थापा | पुरुष | ३७ | ३ | झुम्लाबाङ | ९८६०२२९००४ | समशेर थापा | २०७६।१२।०९ |
| 6 | कमला सुनार | महिला | ६२ | ३ | मोराबाङ | | कल प्रसाद सुनार(श्रीमान) | २०७६।१२।०७ |
| 7 | श्रीकुमार बुढा मगर | पुरुष | ३० | ४ | काडाँ | ९८०३०५६७८७ | वेन बहादुर बुढामगर | २०७६।११।३० |
| 8 | निम बहादुर विक | पुरुष | २९ | ४ | काडाँ | ९८४९७०८९६३ | सरजन कामी | २०७६।१२।०१ |
| 9 | गंगा नेपाली | महिला | ५२ | ६ | महत | ९८६३५२२१६१ | गगने नेपाली | २०७६।११।२८ |
| 10 | बरमान वली | पुरुष | ३२ | ६ | महत | ९८२८०२२१६६ | कर्ण बहादुर वली | २०७६।११।३० |
| 11 | प्रताव बुढा | पुरुष | ५५ | ६ | महत | ९८६६०८१७५८ | तुलाराम बुढा | २०७६।११।२१ |
| 12 | जोखमाया बुढा | महिला | ५३ | ६ | महत | ९८६६०८१७५८ | गणेश रोका | २०७६।११।२१ |
| 13 | लक्ष्मण बुढा | पुरुष | २४ | ६ | महत | 9810970219 | राजधन बुढा | २०७६।१२।११ |
| 14 | भागीमान बुढा | पुरुष | ५० | ६ | महत | ० | पुर्ण बहादुर बुढा | २०७६।१२।११ |
| 15 | नर बहादुर नेपाली | पुरुष | ४८ | ६ | महत | ९८६३५२२१६१ | उजराम नेपाली | २०७६।१२।०१ |
| 16 | आन्नद सुनार | पुरुष | ४९ | ६ | महत | ९८६३५२२१६१ | जग बहादुर सुनार | २०७६।१२।०१ |
| 17 | सुदिप बुढा | पुरुष | ३० | ६ | महत | ९८०६२०१२०२ | पञ्चलाल बुढा | २०७६।१२।०३ |
| 18 | विषु नेपाली | पुरुष | ८ | ६ | महत | ९८६३५२२१६१ | नर बहादुर नेपाली | २०७६।१२।०१ |
| 19 | सिद्वार्थ नेपाली | पुरुष | ४ | ६ | महत | ९८६३५२२१६१ | " | २०७६।१२।०१ |
| 20 | म्याक नेपाली | पुरुष | १.२ | ६ | महत | ९८६३५२२१६१ | " | २०७६।१२।०१ |
| 21 | ज्योती नेपाली | महिला | ६५ | ६ | महत | ९८६३५२२१६१ | नर बहादुर नेपाली (ज्वाई) | २०७६।१२।०१ |
| 22 | ओम प्रकाश बुढा | पुरुष | १९ | ७ | रिसालचौर | | | २०७६।१२।०९ |
| 23 | अनिल सुनार | पुरुष | १७ | ७ | लाबाङ | ९८२३१०१६६१ | कमल सुनार | २०७७।०१।१० |
| 24 | ओम प्रकाश पुन | पुरुष | २० | ९ | गोठिबाङ | ९८४८३४९३२३ | भिम बहादुर पुन | २०७६।१२।०३ |
| 25 | राम कुमार रोका | पुरुष | २८ | ९ | खाल मसिना | ९८६६२४२८८७ | मानसिङ रोका | २०७६।१२।०३ |
| 26 | संकल्प दमाई | पुरुष | २४ | ९ | गोर्जाले | ९८४९०६५०५४ | मन बहादुर परियार | २०७६।१२।१० |
| 27 | मन बहादुर दमाई | पुरुष | ४५ | ९ | गोर्जाले | ९८६५७०८२८४ | तिलविर नेपाली | २०७६।१२।१० |
| 28 | जय बहादुर खड्का | पुरुष | ५२ | ९ | बिजौरा | ९८४७९९९४४० | रघुविर खड्का | २०७६।१२।०६ |
| 29 | दिनेश कुमार ओली | पुरुष | २९ | ९ | चुन्बाङ लुम्मा | ९८६८६६९६५८ | | २०७६।१२।०६ |

नीलो रङ RDT परीक्षण भएको

गाउँपालिका अन्तर्गत रहेका हेल्प डेस्क तथा हेल्थ डेस्क र स्वास्थ्य संस्थाहरुबाट कोरोना चेकजाँच विवरण:

| भूमे गाउँपालकि अन्तर्गत रहेका कोरोना जोखिम नियन्त्रण हेल्थ डेस्कमा कार्यरत सम्पर्क व्यक्ति र चेकजाँचको विवरण | | | | | | बैशाख महिनाको हालसम्म जाँच | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Health Centers | | | | | जम्मा चेक जाँच | चेक जाँच | | १००.४ बढी ज्वरो भएका | | खोकी लागेका | | भारतबाट आएका | | अन्य देशबाट आएका | | नेपाल भित्रै | |
| हेल्थ डेस्क | वडा | स्थान | सम्पर्क व्यक्ति | सम्पर्क फोन | | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. |
| Khabang Health Desk | २ | खाबाङबगर | Sanjiv Khadka | 9812827249 | 458 | 167 | 291 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 122 | 183 |
| Help Center | २ | गापा कार्यालय | Upendra Yadav | 9809889765 | 108 | 38 | 70 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 40 | 46 |
| Health Center Lukum | १ | Lukum | Aruna r maga | 9808233077 | 9 | 5 | 4 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 1 | 0 |
| Corona Health Center Kankri | २ | त्रिवेणी काँक्री | Tilak Roka | 9822936399 | 124 | 27 | 97 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 25 | 84 |
| Jhumlabang Health Center | ३ | झुम्लाबाङ | Shiva kumar budha | 9822822332 | 51 | 37 | 14 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 37 | 13 |
| Corona Health Center Sima | ३ | सिमा | Bibek Khadka | 9845636252 | 142 | 40 | 102 | 0 | 0 | 0 | 0 | 0 | 0 | 7 | 0 | 37 | 85 |
| Corona Health Center Kanda | ४ | काँडा | Pokhar Bohara | 9866961206 | 20 | 13 | 7 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 13 | 7 |
| Serabang Health Center | ५ | सेराबाङ | prakash bk | 9868314577 | 108 | 62 | 46 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 63 | 47 |
| Corona Health Center Mahat | ६ | महत | Jhakku pun | 9810914647 | 12 | 12 | 0 | 0 | 0 | 12 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| Dharmashala Health Center | ७ | धर्मशाला | Sumitra Budha | 9741215550 | 30 | 13 | 17 | 0 | 0 | 0 | 0 | 0 | 0 | 4 | 1 | 7 | 10 |
| Korja Health Center | ८ | कोर्जा | Parbati pun | 9812803534 | 108 | 64 | 44 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 41 | 32 |
| Kuchibang Health Center | ८ | कुचिबाङ | Madan budha | 9822919766 | 4 | 2 | 2 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 2 | 2 |
| Corona Health Center Chunwang | ९ | चुनबाङ | Chitra Bista | 9867406587 | 190 | 73 | 117 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 7 | 76 | 97 |
| **जम्मा** | | | | | **1,364** | **553** | **811** | **0** | **0** | **12** | **0** | **0** | **0** | **11** | **8** | **464** | 0 |